Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २४औं दिन**
**मिति : ०७२ जेठ ४**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६०४
घाइते : १६,८०८

## पुराना गल्ती नदोहऱ्याऊ

सदियौँदेखि बस्दै आएको थातथलो पनि भूकम्पको कम्पनले चिराचिरा पारेकाले भूकम्पबाट अतिप्रभावित जिल्लाका केही गाउँहरू स्थानान्तर गर्नु पर्ने अवस्थापमा पुगेका छन् । गोरखा, रसुवा, सिन्धुपाल्चोक, धादिङ, दोलखा, मकवानपुर आदिका केही गाउँका भूभागमा चिराचिरा परेकोले आफूहरूलाई सुरक्षित स्थानमा पुऱ्याइदिन पीडितहरूले आग्रह गर्न थालेका सूचना प्राप्त भएका छन् । पछिल्लो समयमा मकवानपुर र दोलखाबाट यस्ता जानकारी प्राप्त भएका छन् ।

मकवानपुरका केही गाविसका नामटार गाविस-१ दुम्सीडाँडा, टोड्के, भिरघारी, टिष्टुङ गाविस-६ बसन्त र आग्रा गाविस-७ स्थित वाउनडाँडाको वस्तीका घरहरू भूकम्पले क्षतिग्रस्त बनाउनुकोसाथै उक्त बस्तीका जमिन चिराचिरा परेका छन् ।

नामटार गाविस-१ टोड्केका भूकम्प पीडितहरूले भूकम्पबाट भत्केका घरका मालसामान पन्छाएका पनि छैनन् । उक्त बस्तीबाट अन्यत्र स्थानान्तरण गरिदिन माग गरिरहेका छन् । टोड्केका सबै जमिनहरू भूकम्पका कम्पनले चिराचिरा परेको छ भने बस्तीका चारैतिर पहिरो झरेको छ ।

यसै गरी दोलखा जिल्लाको उत्तरी भेगका १४ गाविसका बासिन्दालाई तत्काल त्यहाँबाट सार्नका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिले गृहमन्त्रालयलाई पत्राचार गरिसकेको छ । ती गाविसमा ६ हजार आठस सय ८० घरधुरी रहेको बताइएको छ । वैशाख १२ र २९ गतेको भूकम्पबाट त्यस क्षेत्रका अधिकांश घर क्षतिग्रस्त हुनाका साथै पहिरो जान थालेपछि उद्धार समितिले गृहमन्त्रालयलाई पत्राचार गर्नुका साथै वस्ती बसाउनका लागि सुरक्षित ठाउँको खोजी समेत जिल्ला विकासले गरिरहेको जानकारी प्राप्त भएको छ ।

यस्तो नयाँ मानववस्ती बनाउनुअघि त्यस क्षेत्रको पूर्वअध्ययन नगरी बसाउनु भनेको पुरानो गल्ती दोहराउनु हो । आपतकालमा समेत सहज हुने गरी बाटो निर्माण, स्थास्थ्य संस्था, खानेपानी, विद्युत आपूर्ति, विद्यालय र प्रसुतीगृहजस्ता न्यूनतम आवश्यकताको परिपूर्ति हुनु पर्दछ । नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा ११ अनुरुपका उपरोक्त मापदण्डलाई आधार बनाएर मात्र नयाँ बसोबास क्षेत्रको चयन गर्नु उपयुक्त हुनेछ ।

### उल्लेख्य

- वैशाख १२ गतेको भूकम्प तथा पटक/पटक आएको पराकम्पनका कारण सप्तरीको २० वटा सरकारी कार्यालय तथा चारवटा स्वास्थ्य संस्थाका भवन चर्किएर र पर्खाल भत्किएर क्षतिग्रस्त भएका छन् ।
- वास्तविक भूकम्पपीडितका परिवारजनले राहत नपाएको सर्वत्र गुनासो आएपछि स्थानीय शान्ति समिति खोटाङले अनुगमन सुरु गरेको छ । भूकम्प पीडितका नाममा आएको राहत जिल्लाका टाठाबाठाले लिएको पाइएपछि अनुगमन गरेर राहतका लागि वास्तविक पीडितको नाम समितिमा सिफारिस गर्ने समितिले बतायो ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- भूकम्पको कारण घर गुमाएमा नुवाकोट कुमरी गाविसका पीडितहरूको लागि नेपाली काङ्ग्रेसका नेता तथा सभासद् गगन थापासहितको टोलीले अस्थायी घर निर्माण गरिएको छ । राजधानीबाट कलिगढ र प्राविधिकहरू सहितको टोली लिएर कुमरी आएका सभासद थापाको टोलीले २ दिनको अवधिमा ४८ अस्थायी घर निर्माण गरेको हो ।
- २५ पुरुष र ५ महिला गरि ३० जनाको क्षमता रहेको भोजपुर कारागारमा क्षमता भन्दा झण्डै तेब्बर ७० जना पुरुष र १० जना महिला गरी कुल ८० कैदी तथा बन्दी रहेका छन् । वैशाख १२ र त्यसपछिको लगातारको भूकम्पको झट्काले उनीहरू बस्दै आएको मुख्य घर बस्न नहुने गरी जतातते चर्किएको छ ।
- भूकम्पका कारण कारागार भवन चर्किएपछि जिल्ला कारागार बाँकेमा रहेका कैदी बन्दीहरूका आफन्तहरूले जेठ २ गते प्रमुख जिल्ला अधिकारीमार्फत राष्ट्रपति रामवरण यादवलाई ज्ञापनपत्र बुझाउँदै उनीहरूको जीवन रक्षाको माग गरेका छन् ।
- मकवानपुरको नामटार गाविस-१ दुम्सीडाँडा, टोड्के, झिरघारी, टिष्टुङ गाविस-६ बसन्त र आग्रा गाविस-७ स्थित वाउनडाडाको वस्तीका घरहरू भूकम्पले क्षतिग्रस्त बनाउनुकोसाथै उक्त बस्तीका जमिन चिराचिरा परेकाले उक्त बस्तीबाट अन्यत्र स्थानान्तरण गरिदिन स्थानीय बासिन्दा माग गरिरहेका छन् ।
- ओखलढुंगाका भूकम्पबाट प्रभावित गाविसका पीडितलाई दैवी प्रकोप उद्धार समितिले जेठ ४ गतेदेखि राहत वितरण शुरु गरेको छ । जिल्लाका अतिप्रभावित गाविसहरू रावादोलु, भुसिंगा, खिजीकाती, खिजिचण्डेश्वरी, खिजिफलाटे र रगनी गाविसलाई पहिलो चरणमा ३० लाख रुपियाँ पठाइएको विपत् उद्धार समितिले जनाएको छ । निकासा गरिएको रकममध्ये सबैभन्दा बढी क्षति भएको रगनी गाविसलाई १० लाख र अन्य गाविसलाई ५ लाखको दरले पठाइएको समिति संयोजक तथा प्रमुख जिल्ला अधिकारी गणेश प्रसाद भट्टराईले जानकारी दिए ।
- विनाशकारी भूकम्प कारण रोल्पा जिल्लाका नौजनाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ ।
- भूकम्पमा पीडितहरूको लागि बैतडी जिल्लामा ४० लाख रुपियाँ राहत रकम सङ्कलन गरिएको छ ।
- वैशाख १२ गतेको विनाशकारी महाभूम्पबाट रसुवा जिल्लामा मृत्यु हुनेको सङ्ख्या ५ सय ६९ पुगेको छ भने २ सय ३४ जना अझै पहिरोमा पुरिएर बेपत्ता छन् ।
- दोलखाको लामाबगर, गौरीशङ्कर, बोलुङ, ओराङ, खारे, मार्बु, चङ्खु, सुरी, झ्याकु, लादुक, चिलङ्खा, बिगु, आलम्पु, खोपाचाङ्गु, कालिन्चोक, बाबरे गाविसमा राहत सामग्री पुऱ्याउन समस्या भएको छ । भूकम्पका कारण ठाउँठाउँमा बाटोमा पहिरो गएका कारण बाटो अबरुद्ध भएपछि सो गाविसहरूमा राहत सामग्री पुऱ्याउन समस्या भएको प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले बताए । उनका अनुसार ती गाविसहरूमा हेलिकप्टरबाट ढुवानीको प्रयास भइरहेको छ ।
- वैशाख १२ गतेको विनाशकारी भूकम्पमा परी देशभरका २९ जना अपाङ्गता भएका व्यक्तिको मृत्यु भएको राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष सुर्दशन सुवेदीले बताए ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जेठ ४ गते एक विज्ञप्ति जारी गर्दै अर्को व्यवस्था नभएसम्म कुनै पनि भवन निर्माण गर्न स्वीकृती नदिने निर्णय गरेको हो । त्यसका लागि मन्त्रालयले सम्बन्धित जिल्ला विकास समितिको कार्यालय, महानगर पालिका, उप-महानगरपालिका र नगरपालिकाका कार्यालयहरूलाई पत्र काटेको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline